चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. २०८२।०८४
च.नं. :

मितिः-२०८३/०४/०७

**विषयः-'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण सम्बन्धमा ।**

श्री जो जससँग सम्बन्ध छ ।

उपरोक्त सम्बन्धमा यस चन्द्रागिरि नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ बमोजिम इजाजतपत्र प्राप्त गर्नुभएका व्यवसायीहरुले उक्त कार्यविधिको दफा ३ को उपदफा २ बमोजिम आफ्नो इजाजतपत्र आर्थिक वर्ष समाप्त भएको ३ महिना (असोज मसान्त) भित्र नियमानुसार दस्तुर तिरी नविकरण गर्नु पर्ने र सो समय भित्र नविकरण नगरेमा उपदफा ३ अनुसार थप दस्तुर लिई म्याद नाघेको ६ महिना (चैत्र मसान्त) भित्र नविकरण गरिने व्यवस्था भए बमोजिम सम्बन्धित इजाजतपत्र प्राप्त व्यवसायीले समयमै इजाजतपत्र नविकरण गर्नुहुन अनुरोध गरिन्छ ।तोकिएको समय भित्र इजाजतपत्र नविकरण नगरेमा स्वतः खारेज हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८३।०४।०६
राजु बहादुर खड्का
उद्योग,वाणिज्य तथा व्यवसाय प्रवर्द्धन शाखा प्रमुख